**पोखरा उपत्यका साइडसिन घुम्न जाउँ**

**घुमाउने ठाउँहरू**

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः **मानसरोबर टुर्स एण्ड ट्राभल्स**
061-544439, 589012, 9856051659
9856034631, 9856082622



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रू. **१.५** मा
**कलर भिजिटिङ कार्ड**
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख १६ गते मंगलबार ❑ 29 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## पोखरामा बुधबारदेखि विद्यालय संचालन गर्न महानगरको निर्देशन

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

पोखरामा बुधबारदेखि सामुदायिक बिद्यालय संचालन गर्न पोखरा महानगरपालिकाले निर्देशन दिएको छ।

यस अघि पनि वैशाख ११ गते देखि बिद्यालय संचालन गर्न निर्देशन जारी गरेको महानगरले अधिकांश बिद्यालयहरु हालसम्म संचालन हुन नसके पछि पुनः बिद्यालय संचालन गर्न निर्देशन दिएको हो। शिक्षकहरुको माग पूरा नभएकोले अधिकांश शिक्षक काठमाण्डौंमा आन्दोलनमा हुनुहुन्छ।

पोखरा महानगरपालिकाले सामुदायिक विद्यालयहरुलाई यही वैशाख १७ गते बुधबारदेखि नियमित रुपमा कक्षा संचालन गर्न निर्देशन दिएको हो। नेपाल शिक्षक महासंघको आन्दोलनले सामुदायिक विद्यालयको पठन पाठन प्रभावित भएकाले यही वैशाख १७ गते भित्र सामुदायिक विद्यालयहरुलाई संचालन गर्न महानगरले सूचना जारी गरेको हो। पोखरा महानगरपालिका, नगर शिक्षा समितिको यही वैशाख १४ गतेको निर्णयानुसार वैशाख १७ गतेसम्ममा पठन-पाठन नियमित रुपमा सञ्चालन गर्न सम्पूर्ण शिक्षक, विद्यार्थी, विद्यालय कर्मचारी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायत सम्पूर्ण सरोकार वालाहरुलाई महानगरले जारी गरेको सूचना मार्फत अनुरोध समेत गरेको छ। यस अघि वैशाख ८ गते देखि नयाँ शैक्षिक सत्र सुरु गर्ने भने पनि भर्ना सहित शिक्षक आन्दोलनका कारण वैशाख ११ गतेबाट संचालन गर्न निर्देशन दिएको थियो।

शिक्षक आन्दोलनले विद्यालयमा पढाइ अवरुद्ध हुँदा विद्यार्थीको शैक्षिक भविष्य अन्यौल हुने हुदाँ कक्षा संचालन गर्न आफुहरुले पत्रचार गरिएको महानगरका शैक्षिक प्रशासन महाशाखा प्रमुख हेम प्रसाद आचार्यले बताए।

नेपाल शिक्षक महासंघको आयोजनामा गत चैत २० गतेदेखि काठमाण्डौंमा शिक्षक आन्दोलन जारी रहेको छ।

## पोखरा अन्तरराष्ट्रिय विमानस्थलबारे उपसमितिले बुझायो प्रतिवेदन

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा भएको अनियमिततासम्बन्धी अध्ययन गर्न गठिन उपसमितिले संसदीय समितिलाई आफ्नो प्रतिवेदन बुझाएको छ।

सोमबार नयाँ बानेश्वरस्थिति संसद् भवनको शङ्कर हालमा उपसमितिका संयोजक राजेन्द्रप्रसाद लिङ्देनले सार्वजनिक लेखा समितिका संयोजक ऋषिकेश पोखरेललाई उक्त प्रतिवेदन बुझाउनुभएको समितिका सचिव एवं संसद् सचिवालयका प्रवक्ता (सहसचिव) एकराम गिरीले राससलाई जानकारी दिनुभयो।

प्रतिवेदन ग्रहण गर्दै समितिका सभापति पोखरेलले पूर्ण प्रतिवेदनमाथि समितिको आगामी बैठकमा छलफल हुने बताउनुभयो। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष एवं सांसद लिङ्देनको नेतृत्वमा पोखरा विमानस्थलको अनियमितताबारे छानबिन गर्न सार्वजनिक लेखा समितिले करिब एक वर्षअघि उपसमिति गठन गरेको थियो।

उपसमितिले आफूले तयार गरेको निष्कर्ष र सुझावसहितको प्रतिवेदन समिति सभापतिलाई बुझाएको उपसमितिका संयोजक लिङ्देनले बताउनुभयो। उहाँका अनुसार विमानस्थलमा भएका अनियमितता, भ्रष्टाचारसँग सम्बन्धित गुनासाका बारेमा अध्ययन गर्न गठित उपसमितिले स्थलगत अनुगमन, अन्तर्क्रिया र छलफल तथा कागजात अध्ययनपछि ३८ पृष्ठको प्रतिवेदनमा छ वटा निष्कर्ष निकालिएको छ।

उक्त उपसमितिमा सांसदहरू जनार्दन शर्मा, गोकुलप्रसाद बास्कोटा, अमनलाल मोदी, अर्जुननरसिंह केसी, प्रेमबहादुर आले, रामकृष्ण यादव, तारा लामा, देवप्रसाद तिमिल्सेना, दीपक गिरी र रुकमणि राना सदस्य रहनुभएको छ।

## गण्डकी प्रदेशको 'लाइफलाइन' पोखरा–मुग्लिन सडक विस्तार अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख



निर्माण चरणमा खेपेको धुलो र हिलोको सास्तीलाई बिर्सदै सर्वसाधारणले अब चार लेनको सडकमा पोखरा-मुग्लिन यात्रा गर्न पाउने भएका छन्।

निर्माणमा कुनै अवरोध नआएमा आगामी हिउँदसम्ममा सडक स्तरोन्नतिको काम सकिने आयोजना कार्यालयले जनाएको छ। पचास वर्षअघि निर्माण भएको पृथ्वी राजमार्गअन्तर्गतको पोखरा-मुग्लिन सडक विसं २०७८ वैशाखदेखि विस्तार तथा स्तरोन्नतिको काम सुरु गरिएको थियो। गण्डकी प्रदेशको 'लाइफलाइन'का रूपमा रहेको उक्त सडकको पूर्वी खण्ड (जामुने-मुग्लिन)मा हालसम्म भौतिक प्रगति ८२.९५ प्रतिशत र पश्चिम खण्ड (पोखरा-जामुने)मा ५०.३४ प्रतिशत पुगेको छ। पूर्वी खण्डका इञ्जिनियर एवं सूचना अधिकारी विष्णुप्रसाद पाण्डेका अनुसार कूल ४१ दशमवल ४५ किमी दूरीको उक्त खण्डमा तीन किमि मात्र कालोपत्र हुन बाँकी छ। "कालोपत्र अन्तिम चरणमा पुगेको छ, दमौली र डुम्रे बजारमा गरी करिब दुई किमि सडक छ लेनको बनेको छ, अन्यत्र चार लेनको छ", उहाँले भन्नुभयो, "आगामी असार भित्रमा पूर्वी खण्डको काम सक्ने लक्ष्य छ।" पूर्वी खण्डमा पर्ने १७ साना-ठूला पक्की पुल गत वर्ष नै निर्माण भएको इञ्जिनियर पाण्डेले बताउनुभयो। तनहुँको मादी नदीमा बन्ने 'सिग्नेचर' पुल भने छुट्टै ठेक्कामार्फत निर्माण भइरहेको उहाँको भनाइ छ। कोभिड महामारीलगायत कारणले सुरुको चरणमा केही ढिलाइ भए पनि पछिल्लो समय तीव्र गतिमा सडक निर्माणको काम भएको इञ्जिनियर पाण्डेले बताउनुभयो। पूर्वी खण्डमा विसं २०७८ वैशाखदेखि निर्माण कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले काम सुरु गरेको थियो।

उक्त खण्डको ठेक्का रकम रु छ अर्ब २१ करोड ३१ लाख रहेको छ। आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने)का प्रमुख कृष्णबहादुर कुँवरले आगामी जेठ पहिलो साताभित्र उक्त खण्डमा एकतर्फी (दुई लेन)मा कालोपत्रको काम सकिने बताउनुभयो। कूल ३८ दशमलव ८८ किमि दूरीको उक्त खण्डमा हालसम्म ३५ दशमलव ५ किमि एकतर्फी (दुई लेन) कालोपत्र भइसकेको उहाँको भनाइ छ। "करिब तीन किमि मात्र एकतर्फी कालोपत्र हुन बाँकी छ, १८ किमि दूरीमा दुईतर्फी नै कालोपत्र भइसकेको छ", आयोजना प्रमुख कुँवरले भन्नुभयो, "आउँदो असारभित्रमा ३० किमि दूरीमा दुईतर्फी नै कालोपत्र सक्ने लक्ष्य छ।" कास्कीको अमरसिंह, चाउथे, विजयपुर, तालचोकलगायत क्षेत्रमा एकतर्फी कालोपत्र हुन बाँकी छ। पोखरा अन्तरराष्ट्रिय विमानस्थलदेखि सेती पुलसम्म एकतर्फी कालोपत्र भइसकेको आयोजना प्रमुख कुँवरले जानकारी दिनुभयो। "बिजुलीका पोल सार्न भएको ढिलाइले सडक निर्माणमा पनि केही असर पुऱ्याइरहेको छ", उहाँले भन्नुभयो, "अझै चार सय जति विद्युत् पोल हटाउनुपर्ने अवस्था छ।" आगामी पुससम्म ठेक्काको म्याद रहेकाले उक्त अवधिमा कालोपत्र सक्ने गरी कामलाई गति दिइएको उहाँको भनाइ छ।

कालोपत्र सकिएपछि फुटपाथ, सडक सुरक्षालगायतका काम सुरु हुने उहाँले बताउनुभयो। पश्चिम खण्डमा १८ दशमलव ५ किमि दूरीमा छ लेन र बाँकीमा चार लेनको सडक बन्नेछ। "यस खण्डमा सहरी क्षेत्र बढी भएकाले छ लेनमा सडक विस्तार गरिएको हो", आयोजना प्रमुख कुँवरले भन्नुभयो, "तनहुँतर्फ दुलेगौँडा र खैरेनीटारमा पनि छ लेन सडक निर्माण भएको छ।" पश्चिम खण्डका १२ वटा पुलमध्ये १० वटा बनिसकेका छन्। कास्कीको विजयपुर र तनहुँको शेराटारमा पुल निर्माणको काम भइरहेको छ। पोखराको सेती नदीको 'सिग्नेचर' पुल भने छुट्टै ठेक्कामार्फत काम भइरहेको आयोजना प्रमुख कुँवरले बताउनुभयो। उक्त पुलको भौतिक प्रगति ४४ दशमलव ६६ पुगेको उहाँको भनाइ छ। 'केबल-स्टेड' प्रविधिको उक्त पुलको निर्माण ठेक्का रसुवा कन्स्ट्रक्सनले लिएको छ। भ्याटबाहेक रु ९४ करोडको ठेक्कामा आकर्षक पुल बन्न लागेको हो। तनहुँको जामुनेखि पर्यटकीय राजधानी पोखरा जोड्ने पश्चिम खण्डमा विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो। चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्स्ट्रक्सनले रु सात अर्ब ४० करोड ४६ लाखमा पश्चिम खण्डको ठेक्का पाएको थियो। दुवै खण्डका अधिकांश ठाउँमा एकतर्फी कालोपत्र भइसकेकाले पोखरा-मुग्लिन सडक यात्रा सहज बन्दै गएको छ। दुईतर्फी नै कालोपत्र सकिएपछि पोखरादेखि काठमाडौँ, नारायणगढलगायतका गन्तव्यको यात्रा अझ धेरै छोटिने छ। कूल ८१ किमि दूरीको पोखरा-मुग्लिन सडक एसियाली विकास बैङ्कको ऋण सहयोगमा विस्तार तथा स्तरोन्नतिको काम भइरहेको हो। सरकारको प्राथमिकताप्राप्त यस सडक आयोजना निर्माणलाई गति दिन पोखराका पर्यटन व्यवसायीलगायतले दबाब दिँदै आएका थिए। गण्डकी प्रदेशको राजधानी जोड्ने मुख्य सडकमार्गको स्तरोन्नतिले यस क्षेत्रको आर्थिक र पर्यटकीय गतिविधि बढाउन मद्दत पुग्ने विश्वास लिइएको छ।

पोखरा आउजाउ गर्दा धूलो र हिलो छिचोल्दै घण्टौँको यात्रा गर्नुपर्ने पर्यटक र सर्वसाधारणको बाध्यता पनि सधैँका अन्त्य हुनेछ। पोखरा महानगरपालिका-१० का वडाध्यक्ष राजेश गुरुङले सडक विस्तारका क्रममा सालिकलगायतका संरचना हटाउँदा पोखराका चोक पनि खुला र आकर्षक देखिएको बताउनुभयो। अमरसिंहचोक, अर्घौंचोक, बुद्धचोक, तालचोकलगायत ठाउँमा मापदण्डविपरीतका संरचना हटाएर चोकहरूलाई चौडा बनाइएको हो। "फराकिलो सडकमा दुर्घटनाको जोखिम पनि बढी हुने भएकाले सडक सुरक्षाबारे सर्वसाधारणलाई सचेतना जगाउनु जरुरी छ", वडाध्यक्ष गुरुङले भन्नुभयो।

## पोखराको मुख्य पर्यटकीय क्षेत्र लेकसाईडसंगै अधिकांश सडकमा खाल्डा खुल्डी

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख



पोखराको मुख्य पर्यटकीय क्षेत्र लेकसाईडसंगै पोखराका अधिकांश सडकमा खाल्डा खुल्डी परेका छन्।

पोखरामा केही दिन अघि जसो परेको पानी र धेरै सामो समयदेखि सडक मर्मत संहार नभएकोले सडकमा देखिएका साना खाल्डा खुल्डीहरु बढ्दै हाल ठुला ठुला खाल्डा खुल्डी परेको स्थानियले गुनासो गर्नु भएको छ।

पोखरा महानगरपालिकाले यस बर्ष भ्रमण बर्ष २०२५ को घोषणा सहित २० लाख पर्यटक भित्राउने लक्ष्य राखेकोमा पोखराको सडक क्षेत्र हाल निकै धेरै ठाउँहरुमा खाल्डा खुल्डी परेको स्थानिय शिव देवकोटाले बताउनु भयो। पोखराका होटल व्यवसायी देवकोटाले


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## निजी क्षेत्रले अर्थतन्त्रको विकासमा ठूलो टेवा पुऱ्याएको छ : सभापति देउवा

**रासस**
पोखरा, १५ बैशाख

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले निजी क्षेत्रले अर्थतन्त्रको विकासमा ठूलो टेवा पुऱ्याएको बताउनुभएको छ।

नेपाली कांग्रेसको उद्योग तथा व्यापार विभागद्वारा आज यहाँ आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सभापति देउवाले मुलुकको आर्थिक समृद्धिका लागि निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै निजी क्षेत्रले उठाएका 'एजेन्डा' सम्बोधन गर्न सरकारले सहयोग गर्नुपर्ने बताउनुभयो। "स्वदेशमा उत्पादित वस्तु बजार प्रवर्द्धन गर्न उद्योग व्यवसायलाई प्रवर्द्धन गर्नुपर्छ। स्वदेशी वस्तुको उत्पादन बढाउन निजी क्षेत्रको भूमिका महत्वपूर्ण छ। रोजगारी बढाउन निजी क्षेत्र र सरकारबीच समन्वय आवश्यक छ," उहाँले भन्नुभयो, "डिजिटल अर्थतन्त्रले पनि ठूलो हिस्सा ओगटेको छ। आगामी आर्थिक वर्षको बजेट डिजिटल अर्थतन्त्रलाई प्रोत्साहन गने किसिमको हुनुपर्छ। यसबाट सूचना प्रविधिको प्रवर्द्धनमा टेवा पुग्ने छ।" सभापति देउवाले आगामी आर्थिक वर्षको बजेटले निजी क्षेत्रले उठाएका सवाललाई सम्बोधन गर्ने र आर्थिक क्षेत्रलाई थप चलायमान बनाउने विश्वास व्यक्त गर्नुभयो।

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले सत्ता समीकरणलाई निरन्तरता दिइने विश्वास दिलाउनुभयो। "अहिलेको सत्ता समीकरण निरन्तर अगाडि बढ्छ। तर यसका लागि सरकारले मन जित्ने गरी काम गर्नुपर्छ," उहाँले भन्नुभयो। नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रका लागि लगानीमैत्री वातावरण राज्यले तयार गर्नुपर्ने र सरकारले लिएको आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न निजी क्षेत्रले सहकार्य गर्दै अगाडि बढ्ने बताउनुभयो। नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्राले विदेशी नागरिकलाई 'अपार्टमेन्ट' बिक्री गर्दा फाइदा हुने भन्दै यसबाट पर्यापर्यटनको विकासमा पनि सहयोग पुग्ने बताउनुभयो। कृषिमा वैदेशिक लगानी भित्र्याउन नीति अवलम्बन गर्न आवश्यक रहेको उहाँको भनाइ थियो।

# पोखराका प्रेम थापालाई राष्ट्रिय फोटो पत्रकारिता अवार्ड

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख



पोखरा बाट संचालन हुने परिचय डटकमका फोटो पत्रकार एवम् इभेण्ट पोखराका संचालक प्रेम थापाले राष्ट्रिय फोटो पत्रकारिता अवार्ड अन्तर्गत गण्डकी उत्कृष्ट फोटो पत्रकारिता अवार्ड प्राप्त गरेका छन ।

काठमाडौंमा राष्ट्रिय फोटो पत्रकार समुह नेपाल एनएफपीजेले आफ्नो ५ औं राष्ट्रिय फोटो पत्रकारिता अवार्ड कार्यक्रममा उनले अवार्ड प्राप्त गरेका हुन् ।

कार्यक्रमका प्रमुख अतिथी नेपाल सरकारका प्रतिनिधि सभा सभामुख देवराज घिमिरेले प्रसंशा पत्र र अवार्ड हस्तान्तरण गरे । उत्कृष्ट ५ मनोनयनमा परेका विष्णु गौतम, खिम लामिछाने, किरण आचार्य, सागर गिरीलाई उन्छिन्दै थापाले अवार्ड हात पारेका हुन् । उक्त फोटोपत्रकारिता विधाको निर्णायकमा प्रदिपराज वन्तको संयोजकत्वमा वरिष्ठ फोटोपत्रकार शैलेन्द्र खरेल, नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक सुर्य थपलिया, सूर्यज्योति लाइफ इन्सोरेन्सका ब्राण्डिङ्ग एण्ड कम्यूनीकेशन प्रमुख मेघेन्द्र प्रकाश गिरी, प्राज्ञा वास्तुकला तथा सृजनात्मक कला विभाग प्रमुख सौरगंगा दर्शनधारी र देश सञ्चारका सहसम्पादक मनोज दाहाल थिए । उनिहरुको नजरमा प्रेमको फोटो परेको हो।अवार्ड प्राप्त गरिसके पछि प्रेम खुशी देखिन्छन । मिहिनेतको प्रतिफल मिलेको अभिव्यक्ती उनको छ । आगामी समयमा समेत फोटो पत्रकारितालाई निरन्तरता दिँदै जाने प्रतिबद्धता उनले गरेका छन । कार्यक्रमका प्रमुख अतिथि सभामुख घिमिरेले फोटो पत्रकारिता लोकतान्त्रिक समाजको महत्वपूर्ण अङ्ग भएको बताउँदै फोटो पत्रकारिताले देशको वास्तविक ऐना प्रस्तुत गर्ने महत्वपूर्ण भूमिका निर्वाह गरेको बताएका छन्। घिमिरेले प्रजातन्त्र, लोकतन्त्र र लोकतान्त्रिक गणतन्त्रमा पत्रकारिता मात्र नभई फोटो पत्रकारिताले पनि उल्लेखनीय योगदान पुर्‍याएको स्पष्ट पारे । कार्यक्रमका विशिष्ट अतिथि ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री दीपक खड्काले अप्ठेरो परिस्थितिमा समेत फोटो पत्रकारहरूले निष्पक्ष ढङ्गले सत्य उजागर गर्ने कार्य गरेको प्रशंसा गरे। उनले शब्दलाई बंग्याएर राख्न सकिएला तर फोटो पत्रकारिताले निष्पक्षतापूर्वक दुष्प्रचारलाई खण्डन गर्ने क्षमता राख्ने बताए । प्रेम यसअघि ललितकला प्रज्ञा प्रतिष्ठानबाट प्रादेशिक ललितकला प्रदर्शनी २०८० बाट सम्मानित भएका थिए । थापा यसअघि पनि एनएफपीजेले नै आयोजना गरेको फोटो पत्रकारिता अवार्डबाट सम्मानित भइसकेका छन् ।

# नेपाल भेटेरिनरी एशोसिएसन गण्डकी प्रदेशका अध्यक्षमा श्रेष्ठ




**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख

नेपाल भेटेरिनरी एशोसिएसन गण्डकी प्रदेशका अध्यक्षमा डा. रुपेश श्रेष्ठ निर्वाचित भएका छन ।

एशोसिएसनको चौंथो साधारण सभा तथा अधिवेशनबाट श्रेष्ठ अध्यक्षमा निर्वाचित भएका हुन ।

एशोसिएसनको उपाध्यक्षमा डा. थानेश्वर भट्ट, सचिवमा डा. आशिष गौतम, सह सचिवमा डा. अशेष राज विक र कोषाध्यक्षमा डा. सन्तोष बास्तोला निर्वाचित भए । त्यसैगरी कार्यसमिति सदस्यहरुमा डा. प्रियंका भण्डारी, डा. समिक्षा फुँयाल, डा. आशिष बसौला, डा. विश्व गैरे, डा. शुवाष बेलवासे र डा. सुजन थापा मगर निर्वाचित भएका छन ।

यस अघि अधिवेशनको उद्घाटन गर्दै गण्डकी प्रदेशका कृषि, भुमि ब्यवस्था तथा सहकारी मन्त्रालयका सचिव बासुदेव रेग्मीले भेटेरिनरी डाक्टरहरुले पशुपालक कृषकलाई सघाउने गरी काम गर्न आग्रह गरे । भेटेरिनरी एशोसिएसनमा आवद्ध डाक्टरहरुले पशुपालक कृषक र कृषिमा लागेकाहरुलाई सघाउ पुग्ने गरी काम गरेको खण्डमा कृषकहरुले त्यसबाट प्रत्यक्ष लाभ लिन सक्ने र राष्ट्रलाईनै फाइदा पुग्ने बताए । कृषि क्षेत्रमा सरकारले लगानी गरेको भएतापनि त्यसबाट फाइदा हुन नसकेको बताउदै तीन तहमा कार्यरत भेटेरिनरी डाक्टरहरुले एकजुट भएर सरकारको लगानीलाई प्रतिफल दिने गरी काम गर्नुपर्नेमा जोड दिए ।

नेपाल भेटेरिनरी एशोसिएसनका केन्द्रिय अध्यक्ष रामकृष्ण खतिवडाले भेटेरिनरी डाक्टरहरु एकजुट भएर आफ्नो अधिकारका लागि जुट्नुपर्ने वेला आएको बताए । खतिवडाले अहिले पनि भेटेरिनरी डाक्टरहरुलाई सरकारले अन्य निजामति कर्मचारी सरह सेवा सुविधाहरु प्रदान गर्न नचाहेको बताउदै त्यसका लागि अन्य चिकित्सकहरुले जस्तै आन्दोलन गर्न समेत आफुहरु तयार रहनुपर्ने बताए ।

नेपाल भेटेरिनरी एशोसिएसन गण्डकीका अध्यक्ष डा. राजेश चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कृषि सूचना तथा प्रशारण केन्द्र हरिहर भवन ललितपुरका प्रमुख डा.रामनन्दन तिवारी, राष्ट्रिय पशुप्रजनन कार्यालय पोखराका प्रमुख एवं नेपाल पशु चिकित्सा परिषदका उपाध्यक्ष डा. जगदीश पाण्डेय, पशुपन्क्षी तथा मत्स्य बिकास निर्देशनालयका महानिर्देशक डा. प्रेरणा सेढाई भट्टराई, नेपाल पशु चिकित्सा परिषदका उपाध्यक्ष डा. मनोज कुमार शाह, नेपाल भेटेरिनरी एशोसिएसनका निवर्तमान केन्द्रिय अध्यक्ष डा. शितलकाजी श्रेष्ठ लगायतले बोलेका थिए । कार्यक्रमको सञ्चालन डा. अविनाश भट्टराइले गरेका थिए ।

# नागमन्दिर संरक्षण समितिद्वारा सहयोगीलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख



पोखरा-८, नागढुङ्गास्थित नागमन्दिर संरक्षण समितिले हालै सम्पन्न गरेको नाग मन्दिर मर्मत सम्भार तथा जीर्णोद्धार कार्यमा सहयोग गर्ने सहयोगीहरुलाई सम्मान गरेको छ।

समितिले उक्त कार्यको समिक्षाका लागि आयोजना गरेको समिक्षा बैठक समारोहमा ति सहयोगीहरु सम्मानित भएका हुन् । सम्मानित व्यक्तिहरुलाई समुहका अध्यक्ष कमला श्रेष्ठले खादा माला अबिरले सम्मान गर्नुभयो ।

सोही समारोहमा समितिलाई पोखरा-८ एयरपोर्ट निवासी रुपा बराल र देवी पोखरेलले ६/६ थान प्लाष्टिक कुर्सी सहयोग प्रदान गर्नुभयो । समारोहमा एयरपोर्ट टोल विकास संस्थाका अध्यक्ष संगिता तिमिल्सीना, निवर्तमान अध्यक्ष श्याम श्रेष्ठ, नागढुङ्गा आमा समुहका अध्यक्ष कमला केसी लगायतले नाग मन्दिर संरक्षण समितिले समुह गठनको छोटो समयमै सामाजिक क्षेत्रमा उल्लेख्य काम गरेकोमा प्रशंसा गर्नुभयो । संरक्षण समितिले मन्दिर संरक्षणका लागि पोखरा महानगरपालिका वडा नम्बर ८ को २ लाख तथा समितिकै १ लाख १३ हजार रुपैयाँ सहित ३ लाख १३ हजार खर्चमा बार लगाउने, ढुङ्गा विच्छाउने, रंगरोगन तथा शिला खेल तयार गरेको थियो । समितिका सचिव सिमा लामिछानेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# पोखराको ...

पोखरा भ्रमण बर्ष २०२५ को अवसरमा कम्तिमा सडकमा भएका खाल्डा खुल्डी तत्काल पूर पार तथा सडक मर्मत संहार गर्न माग गर्नुभयो । पोखराको सडक क्षेत्रमा खाल्डा खुल्डी हुदाँ सडक मार्ग हुदै वा हवाई मार्ग हुदै पोखरा आउने पर्यटकहरुले समेत कठिन यात्रा गर्नु परेको तथा सडक जोखिम भएको टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले बताउनु भयो । उहाँले भन्नुभयो"पर्यटनको राजधानी पोखरा त्यस माथि पनि पोखरा भ्रमण वर्ष यो अबस्थामा चौबिस घण्टामा सडकमा देखिएका खाल्डा खुल्डी पूर्नुपर्नेमा यस बिषयमा पोखरा महानगर मौन रहेको छ ।" पोखराको सडकमा सवारी दुर्घटनाको अर्को कारक अव्यबस्थित तार समेत रहेको उहाँले जनाउनु भयो । केही व्यक्तिहरु तारमा अल्झियर घाइते भएको अध्यक्ष आचार्यले बताउनु भयो । पोखराको लेकसाईड, सेतीबगर, खपौदी, पृथ्बीचोक, पार्दी बिरौटा, महेन्द्रपुल सहितका सडक क्षेत्रमा ठाउँ ठाउँमा खाल्टा खुल्टी हुदाँ स्थानियहरु समेत त्यसबाट गर्मीमा धुलो र पानी पर्दा भने हिलोको समस्याले आफुहरुलाई असर परेको गुनासो गर्नु भएको छ ।

पोखरा महानगरपधकालिका र सडक डिभिजन कार्यालय पोखराले पोखरा क्षेत्र भित्रको सडक मर्मत संहार गर्ने जिम्मा पाएका निकायबाट समयमै साना साना खाल्डा खुल्डी टालटुल पार्न नसक्दा विस्तारै खाल्टा खुल्टी बढ्दै गएर सडकमा सवारी साधन चलाउन समेत आफुहरुलाई ठुलो समस्या आउन थालेको एक ट्याक्सी चालक अर्जुन पौडेलले बताउनुभयो । यस बिषयमा पोखरा महानगरपालिकाले आउँदो बैठकमा यो बिषयको समेत उठान गर्ने भएको छ । महानगरको शहरी विकास पर्यटन, वन तथा वातावरण महाशाखा प्रमुख ई. बिमल रन्जन कार्कीले यस बिषयमा आफुलाई बल्ल जानकारी भएकोले अब यस बिषयमा छलफल गर्ने बताउनुभयो ।

# नेपाल राष्ट्र बैंकद्वारा आयोजित प्रतियोगितामा जनप्रिय बहुमुखी क्याम्पस प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, १५ बैशाख



नेपाल राष्ट्र बैंकको ७० औं वार्षिकोत्सवका सन्दर्भमा पोखरा कार्यालयद्वारा आयोजित हाजिरीजवाफ प्रतियोगितामा जनप्रिय बहुमुखी क्याम्पसले प्रथम स्थान हासिल गरेको छ।

ग्लोबल मनी विक २०२५ को अवसरमा स्नातक तहमा व्यवस्थापन सङ्काय अध्ययापन गराउने शैक्षिक संस्थाहरूबिच अन्तर क्याम्पस हाजिरी जवाफ प्रतियोगिता आयोजना गरिएको थियो ।

पोखराका विभिन्न ८ ओटा क्याम्पसबिच भएको प्रतिस्पर्धामा जनप्रिय बहुमुखी क्याम्पसको स्नातक तह व्यवस्थापन सङ्काय चौँथो वर्षमा अध्ययनरत विद्यार्थीद्वय राजन पौडेल र कुलबहादुर पौडेल के.सी.ले उत्कृष्ट प्रस्तुतिका साथ प्रतिस्पर्धीहरूलाई पछि पार्दै प्रथम भएको प्रशासक महादेवकुमार पालिखेले जानकारी दिए ।

क्याम्पस प्रमुख कृष्णबाबु बरालले विद्यार्थीहरूको मिहिनेत र समर्पणको उच्च प्रशंसा गदै उनीहरूलाई बधाई तथा उज्वल भविष्यको शुभकामना दिएका छन् । बरालले क्याम्पसको शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा निरन्तरता र उत्कृष्टता कायम राख्न यस्ता प्रतियोगिताहरूले थप प्रेरणा दिने बताए । प्रतियोगितामा प्रथम स्थान हासिल गरेको जनप्रिय बहुमुखी क्याम्पसलाई नेपाल राष्ट्र बैंकका निर्देशक दिपकराज लामिछानेले प्रमाणपत्र र नगद १५ हजार रुपैयाँ पुरस्कार प्रदान गरेका थिए । नेपाल राष्ट्र बैंकको पहलमा आयोजित यस किसिमको कार्यक्रमले विद्यार्थीको वित्तीय चेतना अभिवृद्धि गर्नुका साथै प्रतिस्पर्धात्मक क्षमताको विकासमा सहयोग पुगेको बताएको छ।


**Embassy of India**
**Kathmandu (Nepal)**

**Vacancy Announcement**

1. Regional Centre, ECHS, Defence Wing, Embassy of India invites applications for the following post for ECHS Polyclinic Pokhara:-

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1. | Driver -1 | ECHS Polyclinic Pokhara |
| 2. | Physiotherapist -1 | |
| 3. | Dental Hygienist -1 | |

2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indembkathmandu.gov.in
3. Applications to be submitted at the under mentioned address till 04 May 2025.

**Pokhara**
**Officer-in-Charge**
**ECHS Polyclinic**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**
**Tele No. : 061-430232**



**Teachers Wanted**

**A computer teacher is urgently wanted for basic level.**

**Contact: 9846029486**
**gurungsameer54@gmail.com**



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। – गौतम बुद्ध

## सम्पादकीय

# उदाउँदा दलको एकता

बीस २०७९ को निर्वाचनबाट उदाएको डा.सिके राउत नेतृत्वको जनमत पार्टी र रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टीबिच एकता हुने भएको छामधेस प्रदेश र सुदूरपश्चिम प्रदेशमा सरकारको नेतृत्व गर्ने र सरकार बनाउन निर्णायक बनेका जनमत र नागरिक उन्मुक्ति मिलेर बन्ने नयाँ पार्टी दर्ताका लागि वैशाख १९ गते निर्वाचन आयोग जाने भएको छन।

दुवै पार्टीबिच एकता हुने दलको नाम 'जनमत पार्टी' रहने निर्णय भइसकेको छ। त्यो पार्टीलाई वैशाख १९ गते नै निर्वाचन आयोगमा दर्ता गराउने निर्णय गरिएको छ। एकताको विषयलाई लिएर सोमबार नागरिक उन्मुक्ति पार्टीको केन्द्रीय समितिको बैठक बसेको थियो। सो बैठकले जनमत पार्टीसँगको एकताको निर्णयलाई औपचारिकता दिएको सो पार्टीका महासचिव गंगाराम चौधरीले जानकारी दिएका छन।

वैशाख १७ गते दुवै पार्टीको बिचमा एकता घोषणा हुँदैछ। एकता घोषणा भएकै दिन प्रज्ञा भवनमा एकीकृत पार्टीको केन्द्रीय समितिको बैठक बसी निर्वाचन आयोगमा दल दर्ताका लागि निर्णय गर्ने बताइएको छ। वैशाख १८ गते सार्वजनिक बिदा परेकाले १९ गते निर्वाचन आयोगमा निवेदन दिने तयारी गरिएको छ। नयाँ पार्टीमा ७०० सदस्यीय केन्द्रीय समिति बनाउने र त्यसमा दुवै पार्टीबाट आधा आधा रहने समझदारी छ। ५१ सदस्यीय पदाधिकारी हुने सो पार्टीमा नागरिक उन्मुक्तितर्फबाट संरक्षकसहित२५ जना पदाधिकारी रहने बताइएको छ।

बैठकमा संरक्षक रेशम चौधरीले दुई पार्टीको एकताले नयाँ इतिहास रच्ने र नयाँ पार्टी सबैको साझा पार्टी बनाउने घोषणा गरेका छन। मधेसमा उदाएको जनमत पार्टीले तराई मधेसको हकदार मान्ने पुराना पार्टीहरूलाई चुनौती दिएको छामधेस प्रदेशमा सरकारको नेतृत्व जनमत पार्टीले गरेको छ। जसपा र लोसपालाई जनमतले विस्थापित गराउन खोजेको छापश्चिम तराई र थारु बाहुल्य जिल्लामा नागरिक उन्मुक्ति सशक्त रुपमा खडा भएको छ।

जनमतको आन्तरिक विवादले गर्दा अगाडि बढ्न नसकेको अवस्थामा जनमतसंगको एकताले शक्ति आर्जन हुने अपेक्षा गरेको छाएकताले शक्ति आर्जन हुने अपैक्षा स्वभाविक हो। विगतमा एकता दिगो हुन नसकेको अनुभव पनि छ। एकतापछि मजबुत हुनुपर्नेमा झन कमजोर भएका धेरै उदाहरण छन। यो एकता विचैमा खटपट हुने अवस्था आउन दिनु हुँदैन।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# गोरखामा चट्याङ लागेर एकको मृत्यु

**पोखरापत्र संवाददाता**
गोरखा, १५ बैशाख

गोरखामा चट्याङ लागेर एक जनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन्।

चट्याङ लागेर मुत्यु हुनेमा सहिद लखन गाउँपालिका–१, बक्राङका ४२ वर्षका राजु खनाल रहेको जिल्ला प्रहरी कार्यालय गोरखाका सूचना अधिकारी एवं प्रहरी निरीक्षक धुब्रप्रसाद शर्माले जानकारी दिनुभयो। आइतबार साँझ अन्दाजी ७:५० बजे घरमा बसिरहेका बेला एक्कासि परेको चट्याङ लागेर खनाल गम्भीर घाइते हुनुभएको थियो। घाइते खनाललाई प्रदेश अस्पताल गोरखामा उपचारका लागि ल्याएको भए पनि चिकित्सकले मृत घोषणा गरेको प्रहरी निरीक्षक शर्माले जानकारी दिनुभयो।

मृतकको शव अहिले परीक्षणका लागि अस्पतालमा राखिएको छ। त्यस्तै आइतबार साँझ नै पालुङटार नगरपालिका–७ स्थित च्याङलीमा चट्याङ लागेर ५० वर्षकी सुकमायाँ आले, १८ वर्षीया विपना आले घाइते भएका छन्। घाइते दुवैजनाको चितवनस्थित पुरानो मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# खुल्न थाले सामुदायिक विद्यालय

**पोखरापत्र संवाददाता**
गोरखा, १५ बैशाख

शिक्षक महासङ्घले घोषणा गरेको आन्दोलन अनिश्चित बन्दै गएपछि यहाँका सामुदायिक विद्यालय खुल्न थालेका छन्।

सामुदायिक विद्यालय सञ्चालनमा नआउँदा निजी विद्यालयतर्फ विद्यार्थीको आकर्षण बढेको र यही अवस्थामा सामुदायिक विद्यालय थप प्रभावित हुने भएपछि विद्यालय व्यवस्थापन समिति र अभिभावकले भर्ना अभियान सञ्चालन र पठनपाठन सुरु गरेका हुन्। शिक्षा विकास तथा समन्वय एकाइ पर्वतका अनुसार विभिन्न स्थानीय तहले विद्यालय खोलेर भर्ना अभियानका साथै पठनपाठन सुरु गरेका छन्। कुश्मा नगरपालिकाका केही विद्यालय, मोदी गाउँपालिका, फलेवास, महाशिला, जलजलाका विभिन्न विद्यालय खुलेर नियमित पठनपाठन हुन थालेको इकाई प्रमुख मतिलाल चपाईले जानकारी दिनुभयो। इकाईका अनुसार जिल्लामा २७५ सामुदायिक र २८ निजी विद्यालय छन्। आन्दोलनमा नगएका शिक्षकले अभिभावक र व्यवस्थापन समितिको दबाबमा विद्यालय सञ्चालन गर्न थालेका हुन्। यहाँका सामुदायिक विद्यालयमा करिब १९ हजार विद्यार्थी अध्ययनरन छन्।

# पूर्वप्रधानमन्त्री भट्टराई र भारतीय रक्षामन्त्री सिंहबीच भेटवार्ता

**रासस**
काठमाडौं, १५ बैशाख

पूर्वप्रधानमन्त्री तथा नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा बाबुराम भट्टराई र भारतीय रक्षामन्त्री राजनाथ सिंहबीच भेटवार्ता भएको छ।

प्रगतिशील नेपाली समाजको अधिवेशनमा भाग लिन शुक्रबार भारत पुग्नुभएका अध्यक्ष भट्टराई र भारतीय रक्षामन्त्री सिंहबीच आज नयाँ दिल्लीमा भेटवार्ता भएको हो। भेटका क्रममा उहाँहरूबीच दुई देशको सम्बन्धलाई थप प्रगाढ बनाउनेबारे सकारात्मक छलफल भएको पूर्वप्रधानमन्त्री भट्टराईको सचिवालयले जनाएको छ।


## सार्वजनिक सूचना

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा–१३ स्थित पाटन बेसी टोलमा रहेको कित्ता नं. ९७ क्षेत्रफल २०३.९९२८ ब मीको जग्गा भद्र सिं कामीको श्रीमती सारा सेञ्चुरीको नाममा रहेको जग्गामा घर निर्माण कार्य गर्ने पुर्व तर्फ कि.नं. ४४ जग्गा, पश्चिम तर्फ कि.नं. ९६ जग्गा, उत्तर तर्फः सडक, दक्षिण तर्फ कि. नं. ६८ जग्गा सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १३ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २५ लाकुरेमा नाला तथा बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम :** लाकुरे अन्नपूर्ण नाला तथा बाटो निर्माण
**उपभोक्ता समितिको नाम:** लाकुरे अन्नपूर्ण नाला तथा बाटो निर्माणउपभोक्ता समिति, पोखरा–२५, कास्की
**योजना सम्झौता मिति :** २०८०/१०/१४ गते
**योजना सुरु मिति :** २०८०/१०/१५ गते
**योजना सम्पन्न गर्नुपर्ने मिति :** २०८१/१२/३० गते
**महानगरपालिका बाट प्राप्त :** रु. ७,००,०००/-
**उपभोक्ता बाट प्राप्त :** रु. १,२५,१५६/८९
**कुल लागत** : रु. ८,२५,१५६/८९
**समिति सदस्य : ६ जना, महिला सदस्य : २ जना**

**राम कुमार श्रेष्ठ**
अध्यक्ष
**लाकुरे अन्नपूर्ण नाला तथा बाटो निर्माण उपभोक्ता समिति, पोखरा–२५, कास्की**


# 'एक सय अभियान' बाट गौ संरक्षण केन्द्रलाई सहयोग

**पोखरापत्र संवाददाता**
दमौली, १५ बैशाख

यहाँको शुक्लागण्डकी नगरपालिका–९ घारीस्थित गौ संरक्षण केन्द्रका लागि यहाँका एक युवा व्यवसायीले सामाजिक सञ्जालमार्फत रु एक सय अभियान सञ्चालन गरी पराल र चोकर सहयोग गर्नुभएको छ। पाण्डेले सञ्चालन गर्नुभएको उक्त अभियानमार्फत रु दुई करोड ४१ लाख नौ सय छ सङ्कलन भएको थियो।

सङ्कलित रकममध्येबाट रु एक लाख ५० हजार बराबरको तीन ट्रक पराल, रु ४४ हजार एक सय ६० बराबरको २३ बोरा चोकर गौ संरक्षण केन्द्रका लागि सहयोग गरिएको हो। उक्त पराल र चोकर आज गौ संरक्षण केन्द्रमा आयोजित कार्यक्रमका बीच हस्तान्तरण गरिएको छ। शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले गौ संरक्षण केन्द्रका लागि गरिएको सहयोग उदाहरणीय रहेको बताउनुभयो। सामाजिक सञ्जालबाट सुरु गरेको अभियानमा प्रति व्यक्ति न्यूनतम रु एक सय सङ्कलन गर्ने लक्ष्य राखिए पनि कतिपयले स्वतःस्फूर्त रुपमा बढी रकम समेत प्रदान गरेको पाण्डेको भनाइ छ। उहाँले भन्नुभयो, "एक थुकी सुकी, हजार थुकी नदी भन्ने नारा नै छ। सङ्कलित उक्त रकमबाट गौ संरक्षण केन्द्रका लागि दाना र चोकर खरिद गरेर उपलब्ध गराएका छौ।" छाडा छाडिएका पशुचौपाया व्यवस्थापनका लागि गौ संरक्षण केन्द्र स्थापना गरिएको र यसको सञ्चालनका लागि केही सहयोग पुगोस् भनेर यो अभियान सुरु गरेको उहाँको भनाइ छ। नगरपालिकाको रु १७ लाख र स्थानीयवासीको रु तीन लाख गरी रु २० लाखको लागतमा गौ संरक्षण केन्द्र निर्माण गरिएको थियो। दूध दिन छाडेपछि कृषकले जथाभावी गाईवस्तु छाडिदिने गरेका छन्। हाल गौ संरक्षण केन्द्रको व्यवस्थापन मुक्तिनाथ च्वयनधामले गरिरहेको छ। च्वयनधामका अध्यक्ष होमनाथ लम्सालले गौ संरक्षण केन्द्रका लागि विभिन्न व्यक्ति तथा सङ्घसंस्थाले सहयोग गर्ने गरेको जानकारी दिनुभयो।

# म्याग्दीकै पुरानो विद्यालयको हीरक जयन्ती

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ बैशाख

रघुगङ्गा गाउँपालिका–२ भगवतीस्थित जिल्लाकै पुरानो विद्यालय मुक्तिधाम माध्यमिक विद्यालयले ७५औं वार्षिकोत्सवको अवसरमा हीरक जयन्ती मनाउँदै छ।

विसं २००६ मा राहुघाट मिडिल स्कुलको नाममा स्थापना भएको उक्त विद्यालयमा २०२२ सालदेखि माध्यमिक तहको पठनपाठन सुरु भएको हो।

स्थापनाको ७५ वर्ष पूरा भएको अवसरमा विद्यालयले विविध कार्यक्रमसहित हीरक जयन्ती मनाउन थालेको छ। तत्कालीन समयमा एकतले कच्ची भवनबाट पठनपाठन सुरु भएको सो विद्यालयको तह वृद्धि र विद्यार्थीको सङ्ख्या बढ्दै गएपछि २०४० सालमा नागबारीमा स्थानान्तरण गरिएको थियो। विद्यालयका पूर्वविद्यार्थी समेत रहनुभएका सर्वोच्च अदालतका न्यायाधीश नहकुल सुवेदीले जिल्लाकै पुरानो विद्यालयले शैक्षिक क्षेत्रमा अतुलनिय योगदान दिएको बताउनुभयो।

"तत्कालीन समयमा विद्यालय स्थापना गर्नु अत्यन्तै उदाहरणीय कार्य थियो, दुर्गम र राज्यको पहुँचबाट धेरै टाढाको बस्तीमा स्थापना भएको विद्यालयले शिक्षाको ज्योति बाल्दै समाज परिवर्तनमा खेलेको भूमिका उल्लेखनिय छ", उहाँले भन्नुभयो। हीरक जयन्तीको अवसरमा विद्यालयले स्थापनादेखि हालसम्मको गतिविधि र उपलब्धि समेटिएको 'मुक्तिदर्पण' स्मारिका प्रकाशन गरेको छ। सो अवसरमा विद्यालयका पूर्वशिक्षक, पूर्वप्रअ, विद्यालय व्यवस्थापन समितिका पूर्वपदाधिकारी र शिक्षक अभिभावक सङ्घका अध्यक्ष एवं विद्यालयमा अध्ययन गरी राष्ट्रको विभिन्न तहमा रहेर योगदान पुऱ्याउने व्यक्तिहरूलाई सम्मान गरिएको छ। यही वैशाख १८ गतेसम्म आयोजना गरिने हीरक जयन्तीमा जिल्लास्तरीय अन्तरमावि छात्र भलिबल प्रतियोगिता, अन्तर विद्यालय नृत्य प्रतियोगिता तथा विविध सांस्कृतिक कार्यक्रम आयोजना गर्न लागेको प्रधानाध्यापक अमर केसीले जानकारी दिनुभयो।

कक्षा १२ सम्म अध्यापन हुने मुक्तिधाम माविमा हाल करिब ४०० विद्यार्थी अध्ययनरत छन्। विद्यालयले २०७६ सालदेखि कक्षा ९ देखि १२ सम्म प्राविधिक शिक्षातर्फ बाली विज्ञान विषयमा पठनपाठन गराउँदै आएको छ। पुरानो र जीर्ण भवन जीर्णोद्धार गरी सञ्चालित सो विद्यालयले विद्यार्थीको सहजताका लागि छात्राबास भवन निर्माण गरी आवासीय सुविधासहितको विद्यालय बनाउने योजना बनाएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मीप्रसाद सुवेदीले जानकारी दिनुभयो।


## कर्जा चुक्ता गर्न आउने सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मितिः २०८२/०१/१६**

तपसिलमा उल्लेखित तपाई ऋणीले यस सहकारी संस्थाबाट कर्जा उपभोग गरि तिर्नुपर्ने साँवा तथा ब्याज रकम नबुझाई, कर्जा सम्झौता उल्लङ्घन गर्नु भएको र बारम्बार मौखिक तथा लिखित रुपमा जानकारी गराउँदा पनि संस्थाको कुनैपनि किसिमको सम्पर्कमा नरहनु भएकाले अन्तिम पटक ७ दिने सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस संस्थामा सम्पर्क राखी आफुले तिर्न/बुझाउन बाँकी रहेको साँवा, ब्याज अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला। साथै धनजमानी तथा व्यक्तिगत धनजमानी दिनेले समेत सम्पूर्ण साँवा, ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता गर्न लगाउनुहुन यसै सूचनाबाट सूचित गरिन्छ। अन्यथा धितो सुरक्षण बापत तपाईले यस संस्थालाई लेखिदिएको धितो (सम्पति) जग्गा जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रचलित सहकारी मापदण्ड नीति नियम तथा कानुनको प्रयोग गरि धितोमा रहेको सम्पति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरि संस्थाले असुल उपर गरि लिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ।

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो | धितो सुरक्षण विवरण |
|---|---|---|
| नाम : बब्लु गुरुङ<br>नागरिता नं. : २२७६१<br>जारी मिति : २०५०/०९/२२<br>बुबाको नाम : हस्तविर गुरुङ<br>हजुरबुबाको नाम : खड्गविर गुरुङ<br>स्थायी ठेगाना : कालिका–७, कास्की<br>हालको ठेगाना : पोखरा–१३, काहुँखोला<br>फोन न. : ९८४६०६३२३९ |  | **नाम : सीता देवी गुरुङ**<br>नागरिता नं. : १३४२६३<br>जारी मिति : २०५९/१२/०९<br>पतिको नाम : बब्लु गुरुङ<br>ससुराको नाम : हस्तविर गुरुङ<br>स्थायी ठेगाना : कालिका–७, कास्की<br>हालको ठेगाना : पोखरा–१३ कहुखोला<br>फोन नं. : ९८२९१२४०९३<br>**नाम : कुमार गुरुङ**<br>नागरिता नं. : ४६१०३५/४३७<br>जारी मिति : २०६६/०४/२६<br>बुबाको नाम : बब्लु गुरुङ<br>हजुरबुबाको नाम : हस्तविर गुरुङ<br>स्थायी ठेगाना : कालिका–७, कास्की<br>हालको ठेगाना : पोखरा–१३, कहुखोला<br>फोन नं. : ९८१६०९०६६५ |

**बिजय बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१३, पाटनबेसी दुधपोखरीचोक, कास्की
फोन नं. ०६१-५८१०८१, मो. नं. ९८६७९५०८७८, ९८५६०१३०००

# उपल्लो मुस्ताङ जोड्ने ३३ केभी प्रशारणलाइन धमाधम

रासस
मुस्ताङ, १५ बैशाख

हिमाली जिल्ला मुस्ताङमा ३३ केभी प्रशारणलाइन विस्तार तीव्रगतिमा अघि बढेको छ । नेपाल विद्युत् प्राधिकरणले मुस्ताङको थासाङ गाउँपालिका-२ कोवाङदेखि उपल्लो मुस्ताङ जोड्ने गरी लोघेकर दामोदरकुण्ड गाउँपालिका चराङसम्मको १०३ किलोमिटर दुरीमा ३३ केभी प्रशारण ट्रान्समिसनलाइन विस्तार अघि बढाएको हो ।

उत्तरी चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको उपल्लो मुस्ताङको लोमान्थाङस्थित कोरलानाकासम्म हाल ११ केभी विद्युत् क्षमताको प्रशारणलाइन सञ्चालनमा छ । नेपाल विद्युत् प्राधिकरणले मुस्ताङको थासाङ-२ कोवाङसम्म केन्द्रीय प्रशारणलाइनअन्तर्गत ३३ केभी ट्रान्समिसन प्रशारणलाइनको पहुँच पुर्‍याएको छ । यसलाई जिल्लाभरि नै केन्द्रीय प्रशारण लाइनमा जोड्ने गरी नेपाल विद्युत् प्राधिकरणले ३३ केभी ट्रान्समिसन प्रशारणलाइनको योजना अघि बढाएको हो ।

नेपाल विद्युत् प्राधिकरणको विद्युत् मापपदण्डअनुसार एक सब स्टेशनबाट अर्को विद्युत् सब स्टेशनसम्म विद्युत् प्रशारण गर्नका लागि ५० किलोमिटर भन्दामाथि जानुहुँदैन । तर मुस्ताङको कोवाङदेखि कोरलानाकासम्म करिब एक सय ५० किलोमिटर दुरीमा सिधैँ ११ केभीको विद्युत् प्रशारणलाइन सञ्चालनमा छ ।

यसैका कारण मुस्ताङ जिल्लामा पटक/पटक विद्युत् आपूर्तिमा समस्या र चुनौती हुने अवस्था विद्यमान छ । हाल मुस्ताङको कोवाङबाट उत्तरी क्षेत्रसम्म सञ्चालन भइरहेको विद्युत् प्रशारणलाइन सिधैँ ११ केभीको हुँदा मुस्ताङका नागरिकले चरम विद्युतीय समस्या भोल्दै आइरहेका छन् ।

हालको ११ केभी विद्युत् लाइनको सेवाले कुनै एक स्थानमा विद्युत् समस्या आइपर्दा पूरै जिल्लामा विद्युत् आपूर्ति बन्द गर्नुपर्ने बाध्यकारी अवस्था छ । मुस्ताङ जिल्लाको विद्युत् प्रशारणलाइनलाई दीगो, भरपर्दो र प्रभावकारी तुल्याउन प्राधिकरणले ३३ केभी प्रशारणलाइनको ठेक्का लगाएको हो । मुस्ताङको कोवाङदेखि चैलेसम्म र चैलेदेखि उपल्लो मुस्ताङको चराङसम्म दुई सेसनमा सब स्टेशन निर्माण गरेर ३३ केभी ट्रान्समिसन प्रशारणलाइन विस्तार गर्ने गरी सन् २०२३ को जुलाईमा प्याराडाइज हुलास जेकेबी जेभीसँग रु २७ करोड ६५ लाखको लागतमा ठेक्का सम्झौता गरेको जेभीका प्रतिनिधि इञ्जिनियर दीपककुमार मण्डलले बताउनुभयो । प्राधिकरणले हालको ११ केभी प्रशारणलाइनलाई पूरै विस्थापित गर्ने गरी ३३ केभी नयाँ ट्रान्समिसन प्रशारणलाइनको काम अघि बढाएको जेभीका प्रतिनिधि इञ्जिनियर मण्डलको भनाइ छ । मुस्ताङमा ३३ केभी ट्रान्समिसन प्रशारणलाइन विस्तार दुई वर्षको ठेक्का सम्झौता अनुसार सन् २०२५ को जुलाईसम्म सम्पन्न गर्नुपर्ने लक्ष्य राखिएको छ । प्राविधिकरणसँगको ठेक्कापछि प्याराडाइज हुलास जेकेबी जेभीले ३३ केभी ट्रान्समिसन प्रशारणलाइन विस्तार गर्न विद्युत् पोल गाड्न ६ फिट गहिराइको खाल्डो र पिसिसी खन्ने कामसँगै विद्युत् पोल विस्तारक ९५ प्रतिशत काम सम्पन्न गरेको जेभी इञ्जिनियर मण्डलले उल्लेख गर्नुभयो ।

३३ केभी ट्रान्समिसन प्रशारणलाइन अबको छ महिनाभित्रै प्राधिकरणलाई हस्तान्तरण गर्ने लक्ष्यसहित प्रशारणलाइनको तार तान्ने काम तीव्रगतिमा काम भइरहेको जनाइएको छ । मुस्ताङको थासाङ गाउँपालिका-२ कोवाङदेखि जोमसोमसम्म करिब २५ किलोमिटर दुरीमा ३३ केभी ट्रान्समिसन प्रशारणलाइनको तार तान्ने काम सकिएको प्याराडाइज हुलास जेकेबीले जनाएको छ ।

“अहिले जोमसोम र ठिनीलगायतका दुई/तीन स्थानमा विद्युत् तार तान्ने काम भइरहेको छ”, इञ्जिनियर मण्डलले भन्नुभयो, “उपल्लो मुस्ताङमा पनि मौसम अनुकूल छ, त्यहाँ पनि अर्को टोलीलाई तार तान्ने काममा खटाउने तयारीमा छौँ ।” मुस्तुाङको चराङसम्म ३३ केभी ट्रान्समिसन प्रशारणलाइनको काम सकिएलगत्तै विद्युत् प्रशारणको परीक्षणस्वरुप लाइन सञ्चालनमा ल्याएर प्राधिकरणलाई हस्तान्तरण गर्ने योजना छ । यसैगरी नेपाल विद्युत् प्राधिकरणले ३३ केभी प्रशारणलाइन विस्तारका लागि मुस्ताङको वारागसङ मुक्तिक्षेत्र-३ चैले र उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड-१ चराङमा गरी दुई वटा सबस्टेशन निर्माणका लागि नेपाल विद्युत् प्राधिकरणले ठेक्का आह्वान एकवर्ष अघिनै गरिसकेको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले जानकारी दिनुभयो । मुस्तङको चैले र चराङमा नेपाल विद्युत् प्राधिकरणले निर्माण गर्ने सबस्टेशन निर्माणका लागि आवश्यक जग्गाकोसमेत व्यवस्थापन भइसकेको अध्यक्ष विष्टले उल्लेख गर्नुभयो ।

# नेपाली कांग्रेस गण्डकी प्रदेशको वैठक विविध निर्णय गरी सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १५ बैशाख



नेपाली कांग्रेस गण्डकी प्रदेश कार्यसमितिको आज बसेको बैठकले विविध निर्णयहरु गरेको छ ।

वीपी स्मृति भवन लामाचौरमा भएको वैठक नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माको सभापतित्व र केन्द्रीय सदस्य एवम् गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको विशेष उपस्थितिमा भएको थियो । वैठकमा बोल्दै मुख्यमन्त्री पाण्डेले पार्टीबाट चुनाव जितेका जनप्रतिनिधि र पार्टीका साथीहरु विच समय-समयमा छलफल भइरहनुपर्ने उल्लेख गर्नुभयो । “यो नीति तथा कार्यक्रम तय गर्ने समय हो, सार्वजनिक हित र सेवा मुलक घोषणाहरुका लागि साथीहरुले सुझाव आवश्यक छ, नागरिकको मन जित्ने र संगठन बलियो बनाउने कार्यमा लाग्नु पर्छ”, उहाँले भन्नुभयो । नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले प्रदेश कार्यसमितिले हाल सम्म गरेका कार्य माथि प्रकाश पार्दै जिम्मेवारीमा रहेका सवै साथीहरु आफ्नो जिम्मेवारी पूर्ण रुपमा निर्वाह गर्न आग्रह गर्नुभयो । नेपाली कांग्रेस गण्डकी प्रदेशको कार्यालय स्थायित्वका लागि नयाँ भवन निर्माण भइरहेको जानकारी दिनुभयो ।

त्यसैगरी सभापति शर्माले “पार्टी र सरकार विचको सम्बन्ध राम्रो र बलियो हुनुपर्छ । प्रजातन्त्रमा सबैको जीत हुन्छ, हाम्रो विरासत राष्ट्रियता, प्रजातन्त्र, समाजवाद र धार्मिक स्वतन्त्रता नै हो ।” भन्नुभयो । वैठकमा उपसभापति मेखलाल श्रेष्ठले हामीले यो वा त्यो गुट, उपगुट नभनी सबै कांग्रेस बन्न सक्नुपर्छ भन्नुभयो भने महामन्त्री विष्णुप्रसाद लामिछानेले पार्टीले गरेका विभिन्न कार्यहरुको बारेमा जानकारी गराउनुभएको थियो ।

पार्टीको विधान अनुसार महिला, दलित र पर्यटन गरी ३ वटा विभाग थप गर्ने, प्रदेश भित्र रहेका महिला, तरुण दल तथा नेविसंघको विवादलाई चाडै नै समाधान गरी अधिवेशन गराउनको लागि केन्द्रीय कार्यसमितिसँग माग गर्ने निर्णय भएको नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रवक्ता माधवप्रसाद बास्तोला (मधु)ले जानकारी दिनुभयो । त्यसैगरी क्रियाशिल सदस्यको नविकरण र नयाँ वितरण कार्यलय प्रभावकारी रुपमा सम्पन्न गर्ने, देशमा चलिरहेको शिक्षक आन्दोलनलाई तुरुन्त वार्ताद्वारा समाधान गरी सिघ्र रुपमा शिक्षा ऐन ल्याउन सरकारसँग जोडदार माग गर्ने निर्णय भएको प्रवक्ता बास्तोलाले बताउनुभयो ।

उक्त वैठकमा विभागका प्रमुख पूर्ण बहादुर दाहाल, सीता गुरुङ, इन्द्रराज पौडेल, द्रोणवन सन्यासी, अजित क्षेत्री, सरिता गुरुङ, हरिप्रसाद बराल, अनोद श्रेष्ठ, रविकला खनाल, शान्तीरमण वाग्ले, रमेश पौडेल, शकुन्तला शर्मा, आशिक गुरुङ, वावुराम पोखरेल, शिरोमणी बराल, नेपाली कांग्रेस स्याङ्जा जिल्लाका कार्यवाहक सभापति केदार काफ्ले, म्याग्दीका कार्यवाहक सभापति हरी कुमार श्रेष्ठलगायतले आफ्नो धारणा राख्नुभएको थियो ।

# कुमाल समुदायको संस्कृति पाउदुरे नाच संरक्षण गर्न प्रशिक्षण

पोखरापत्र संवाददाता
दमौली, १५ बैशाख




यहाँका कुमाल समुदायको संस्कृति पाउदुरे नाच संरक्षण गर्न व्यास नगरपालिका-९ कुमालगाउँमा प्रशिक्षण सुरु गरिएको छ । सामाजिक विकास कार्यालयको आयोजना र कुमाल समाज नेपाल तनहुँको सहजीकरणमा कुमालगाउँमा आजदेखि पाउदुरे नाच प्रशिक्षण सुरु गरिएको हो ।

पाउदुरे नाच लोप हुन थालेपछि संरक्षणको पहल थालिएको कुमाल समाज तनहुँका अध्यक्ष आलोक कुमालले जानकारी दिनुभयो । पाउदुरे नाच प्रशिक्षण कार्यक्रम यही वैशाख २१ गतेसम्म सञ्चालन हुनेछ । प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठले हरेक जातजातिले संस्कृति भुल्न नहुने बताउनुभयो । उहाँले भन्नुभयो, “कुमाल समुदायको छुट्टै संस्कृति र संस्कार छन् । यसलाई संरक्षण गरी आगामी पुस्तालाई हस्तान्तरण गर्नुपर्छ ।” व्यास नगरपालिका-९ का वडाध्यक्ष सुरेश थापाले विभिन्न जातजातिका कला, संस्कृति, परम्परा संरक्षणका लागि वडाले पहल गर्दै आएको बताउनुभयो । सामाजिक विकास कार्यालय तनहुँका प्रमुख विदुर आचार्यले विभिन्न जातजातिका संस्कृति संरक्षणका लागि कार्यालयले सहयोग गरिरहेको बताउनुभयो ।

जिल्लास्थित भानु नगरपालिका, व्यास नगरपालिका, म्याग्दे गाउँपालिका, शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका, घिरिङ गाउँपालिकामा कुमाल समुदायको बसोबास छ । जिल्लाभर कुमाल समुदायको जनसङ्ख्या आठ हजार ७२७ रहेको छ । कुमाल समुदायको पाउदुरे, हेम्फाई, घाँटु, झ्याउरे, कौराहा आदि मौलिक संस्कृति छन् । पाउदुरे घिरिङ गाउँपालिका र व्यास नगरपालिकाको कलेस्ती कुमाल गाउँमा विशेष पर्वमा नचाउने गरिन्छ । अध्यक्ष आलोक कुमालका अनुसार यो नाचको आफ्नै छुट्टै विधि भएकाले जहाँ पनि नचाउन सम्भव छैन । उहाँले भन्नुभयो, “यो नाचका विभिन्न चरणहरु हुने गर्दछ । यो गीतको मिठास महसुस गर्न गहिरिएर सुन्नुपर्छ जसमा रामायण खण्ड र कृष्ण चरित्र खण्डमा रहेर यो नाच नचाइने गरिन्छ ।” रामायण खण्डमा रामको जन्मदेखि बनवाससम्मको गतिविधिलाई गीतको माध्यमबाट गाउने गरिन्छ र गीतकै पारामा बिजाबारे र मारुनीले नाच्ने गरिन्छ । यसैगरी कृष्ण चरित्र खण्डमा कृष्णको बारेमा गाइने गरिन्छ । गीतको शैली फरक फरक भएता पनि भाव एउटै हुन्छ । घिरिङ गाउँपालिकामा दसैं तिहारको अवसरमा अहिले पनि यो नाच नचाउने गरिन्छ भने व्यासको कलेस्तीको कुमाल गाउँमा भने विस्तारै यो लोप हुने अवस्थामा पुगेको छ । अधिकांश कुमाल समुदायको आर्थिक अवस्था कमजोर भएकाले जिविकाकै लागि विदेशीने जस्ता कारण मौलिक संस्कृति संरक्षणमा ध्यान दिन सकेका छैनन् ।


## एउटै व्यक्ति भएको सूचना



बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. ५ साविक हरिचौर गा.वि.स. वडा नं. ७ निवासी भारतिय भू.पू.नं. ५८३९३३५ का राईफलमेन रुद्र बहादुर क्षेत्री र निजको श्रीमती बिशन कलाको नेपाली नागरिकताको प्रमाणपत्र र भारतीय पेन्सन डकुमेन्टमा तपसिल बमोजिम नामथर फरक भएता पनि व्यक्ति एउटै भएको भनी गलकोट नगरपालिका ५ नं. वडा कार्यालयको च.नं. २९४ मिति २०७९/०६/३१ गतेको पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ ।

| सि.नं. | नेपाली नागरिकताको प्रमाणपत्रमा भएको नामथर | भारतीय पेन्सन डकुमेन्टमा भएको नामथर | कैफियत |
|---|---|---|---|
| १ | रुद्र बहादुर बस्नेत<br>जन्ममिति वि.सं.२००३।११।२८<br>इ.सं. १९४७।०३।११ | रुद्र बहादुर क्षेत्री<br>जन्ममिति इ.सं. १९४६।०९।२४<br>वि.सं. २००३।०६।०८ | |
| २ | बिष्णु कुमारी बस्नेत<br>जन्ममिति वि.सं. २००५।०५।२४<br>इ.सं. १९४८।०९।०८ | बिशन कला<br>जन्ममिति इ.सं. १९४८।०३।२९<br>वि.सं. २००४।१२।१७ | |

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**



## कर्जा चुक्ता गर्न आउने सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मितिः २०८२/०१/१६**

तपसिलमा उल्लेखित तपाई ऋणीले यस सहकारी संस्थाबाट कर्जा उपभोग गरि तिर्नुपर्ने साँवा तथा ब्याज रकम नबुझाई, कर्जा सम्झौता उल्लङ्घन गर्नु भएको र बारम्बार मौखिक तथा लिखित रुपमा जानकारी गराउँदा पनि संस्थाको कुनैपनि किसिमको सम्पर्कमा नरहनु भएकाले अन्तिम पटक ७ दिने सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस संस्थामा सम्पर्क राखी आफुले तिर्न/बुझाउन बाँकी रहेको साँवा, ब्याज अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै धनजमानी तथा व्यक्तिगत धनजमानी दिनेले समेत सम्पूर्ण साँवा, ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता गर्न लगाउनुहुन यसै सूचनाबाट सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस संस्थालाई लेखिदिएको धितो (सम्पति) जग्गा जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रचलित सहकारी मापदण्ड नीति नियम तथा कानुनको प्रयोग गरि धितोमा रहेको सम्पति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरि संस्थाले असुल उपर गरि लिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ ।

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो | धितो सुरक्षण विवरण |
|---|---|---|
| नाम : विमाया कमिनी<br>नागरिता नं. : ७/५५<br>जारी मिति : २०४६/०१/२३<br>पतिको नाम : बहादुरे कामी<br>ससुराको नाम : हस्त बहादुर कामी<br>स्थायी ठेगाना : सिल्दुजुरे-२, कास्की<br>हालको ठेगाना : पोखरा-१३,ढाब<br>फोन नं. : ९८२४१५३३८५ |  | नाम : बेलकुमारी कामी<br>नागरिता नं. : १०१५/८७७<br>जारी मिति : २०६९/०२/१६<br>पतिको नाम : मनबहादुर कामी<br>ससुराको नाम : बहादुरे कामी<br>स्थायी ठेगाना : सिल्दुजुरे-२, कास्की<br>हालको ठेगाना : पोखरा-१३, ढाब कास्की<br>फोन नं. : ९८१६१७८१६५ |

**बिजय बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१३, पाटनबेसी दुधपोखरीचोक, कास्की
फोन नं. ०६१-५८१०८१, मो. नं. ९८६१९५०८७८, ९८५६०१३०००



## कर्जा चुक्ता गर्न आउने सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मितिः २०८२/०१/१६**

तपसिलमा उल्लेखित तपाई ऋणीले यस सहकारी संस्थाबाट कर्जा उपभोग गरि तिर्नुपर्ने साँवा तथा ब्याज रकम नबुझाई, कर्जा सम्झौता उल्लङ्घन गर्नु भएको र बारम्बार मौखिक तथा लिखित रुपमा जानकारी गराउँदा पनि संस्थाको कुनैपनि किसिमको सम्पर्कमा नरहनु भएकाले अन्तिम पटक ७ दिने सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस संस्थामा सम्पर्क राखी आफुले तिर्न /बुझाउन बाँकी रहेको साँवा, ब्याज अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै धनजमानी तथा व्यक्तिगत धनजमानी दिनेले समेत सम्पूर्ण साँवा, ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता गर्न लगाउनुहुन यसै सूचनाबाट सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस संस्थालाई लेखिदिएको धितो (सम्पति) जग्गा जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रचलित सहकारी मापदण्ड नीति नियम तथा कानुनको प्रयोग गरि धितोमा रहेको सम्पति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरि संस्थाले असुल उपर गरि लिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ ।

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो |
|---|---|
| नाम : लक्षिना सुनार<br>नागरिता न. : ४६३०३४/१९<br>जारी मिति : २०६३/११/०९<br>पतिको नाम : डमर बहादुर सुनार<br>ससुराको नाम : रनबहादुर<br>स्थायी ठेगाना : मादी-३,थुमाकोडाडा कास्की<br>हालको ठेगाना : पोखरा-१३,साझा<br>फोन नं. : ९८०६६५७८१० |  |

**बिजय बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१३, पाटनबेसी दुधपोखरीचोक, कास्की
फोन नं. ०६१-५८१०८१, मो. नं. ९८६१९५०८७८, ९८५६०१३०००